Implemented by IOM UN MIGRATION | NEPAL — With the support of दक्षता dakchyata TVET PRACTICAL PARTNERSHIP — Funded by EUROPEAN UNION — Managed by BRITISH COUNCIL

# Generating Evidence for Future Skills Needs of Migrant Workers in Nepal
## Year 2022





## पृष्ठभूमि

आप्रवासन एक  वास्तविकता हो । यसको आर्थिक योगदान घरपरिवारमा मात्र सीमित नभई नेपालको कुल गार्हस्थ उत्पादनको करिव एक तिहाइ हिस्सामा यसको योगदान रहेको छ । सन् २०२० को प्रारम्भमा कोभिड-१९को पहिलो तथा २०२१को मध्यमा यसको दोस्रो लहरले असहज स्थिति निम्त्यायो जसका कारण धेरै संख्यामा नेपाली आप्रवासी कामदारहरू स्वदेश फर्किए । यसले आप्रवासनको वहावमा एक किसिमको तरंग सिर्जना गर्‍यो ।

विभिन्न तथ्यांक अनुसार स्थलमार्ग - नेपाल-भारत सीमाना र हवाई उडानबाट १० लाखभन्दा बढी नेपाली आप्रवासी स्वदेश फर्किएका छन् । यति ठूलो संख्यामा आप्रवासीहरूको आगमनले दिगो आर्थिक अवसरहरूको खाँचो औल्याएको छ र सरकारी पहलहरूको बावजुद पनि उनीहरुको पुर्नःस्थापनामा चुनौतीहरू सिर्जना गरेको छ ।

कोभिड-१९ ले निम्त्याएको यस अवस्थालाई ध्यानमा राख्दै, यसले पारेको आर्थिक तथा सामाजिक प्रभावलाई मिहिन तरिकाबाट बुझ्नका लागि र आप्रवासनबाट फर्किएकाहरुका साथै वैदेशिक रोजगारीमा जान चाहनेहरुका लागि स्वदेश तथा विदेशमा आवश्यक शिपहरुको पहिचान र त्यसको माग तथा आवश्यक संसाधनका बारेमा सहि सूचनाको आवस्यकता रहेको छ । कोभिड- १९को संक्रमण घटे लगत्तै गन्तव्य देशहरुले आवागमन प्रकृया खुकुलो बनाउदै लगेको अवस्थामा वैदेशिक रोजगारीमा जानेहरुको संख्या दिन प्रतिदिन बढ्दैछ । यसका साथै कोभिड -१९ पछि फर्किएकाहरु मध्ये धेरैमा स्वदेशमै बसरे आर्थिक उपार्जनका गतिविधिमा संलग्न हुने आकंक्षा छ तर उनीहरु उपयुक्त वातावरण तथा आवश्यक संसाधनको पर्खाईमा छन् ।

नेपाल आप्रवासन सम्बन्धी विश्वव्यापि संझौता (Global Compact for Migration)को हस्ताक्षरकर्ता भएकाले यसले आप्रवासनबाट फर्किएकारूको सामाजिक सुरक्षा तथा  रोजगारीका अवसरहरूको सुनिश्चितता गर्दै उनीहरूले हासिल गरेको शिपलाई घरेलु श्रम बजारमा हस्तान्तरण गरी उनीहरूलाई समुदायमा पुनः एकीकरण गर्ने दायित्व रहन्छ ।

कोभिड-१९ पछि उत्पन्न आप्रवासन सम्बन्धि उत्पन्न वर्तमान परिवर्तनलाई आत्मसात गर्दै आप्रवासन सम्वन्धि संयुक्त राष्ट्र संघिय निकाय आईओएम नेपालले युरोपेली संघको आर्थिक सहयोगमा ब्रिटिश काउन्सिलद्वारा प्रबन्धित ***दक्षता परियोजना***सँग सहकार्य गरेको छ । यस परियोजनाले प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम मार्फत पुर्नःस्थापना कार्यक्रमको सुधार गर्ने लक्ष राखेको छ ।

## उद्देश्यः

प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम मार्फत रोजगारी र आर्थिक बृद्धिलाई बढावा दिन बजारको मागमा आधारित सीपहरू प्रदान गर्न प्रमाणमा आधारित ज्ञान उत्पादन गर्ने साथै स्थानीय समुदाय, आप्रवासनबाट फर्किएका तथा  वैदेशिक रोजगारीमा जान चाहनेहरूलाई लक्षित गर्दै सुरक्षित आप्रवासनका लागि सन्देशहरू प्रवाह गर्ने ।

## गतिविधिहरुः

**क) वृहतस्तरको शिपको आपूर्ति र माग विश्लेषण :**

आइओएमले विद्यमान सीप तथा तालिम, नेपाल तथा गन्तब्य देशहरुमा कामदारको माग, आवश्यक शिप बारेमा गहन जानकारी प्रदान गर्न वृहत स्तरको आपूर्ति र मागको विश्लेषण गरि विस्तृत प्रतिवेदन तयार गर्ने ।

**ख) सचेतना तथा  जागरूकता :**

सञ्चार माध्यम (टिभी र रेडियो) मार्फत प्रत्येक सात प्रदेशका स्थानीय समुदाय र वैदेशिक रोजगारमा जान चाहने लक्षित समुहमा पुगेर यसका चुनौती तथा अवसरहरूका साथै सुरक्षित आप्रवासनका लागि जनचेतना अभिवृद्धि गर्नुका साथै  वैदेशिक रोजगारबाट फर्किएकाहरुको शिपलाई सदुपयोग गर्न उत्प्रेरित गर्ने सामाग्रि उत्पादन तथा प्रसार गर्ने ।

## साझेदारहरु :

१) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) ४) नागरिक समाज संस्था तथा संचार माध्यम र ५) निजी क्षेत्र


Contact Us:
IOM Nepal, Labor Mobility & Human Development Department
Tel: +977-1-4426250 Email: iomnepal@iom.int https://nepal.iom.int
https://twitter.com/IOMNepal https://www.facebook.com/IOMNepal